# सेवा करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी सूचना

सूचना नं.:-३९/०८२-०८३, मिति २०८२/०८/२९

बाह्रदशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तरगत सञ्चालन हुने कार्यक्रमका लागि रिक्त रहेका तपसिलका पदहरुमा प्रचलित कानून बमोजिम खुला प्रतिस्पर्धाद्वारा कर्मचारी सेवा करारमा पदपुर्ती गर्नुपर्ने भएकोले तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले तोकिएको मिति भित्र राजस्व बुझाई सोको रसिद सहित तोकिएको ढाँचामा यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा उपस्थित भई वा अनलाईन मार्फत दरखास्त आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः-

| क्र. सं. | विज्ञापन नं. | विज्ञापनको किसिम | पद | सेवा/समूह/उपसमूह/तह | माग पद संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०५/२०८२-८३ | समावेशी (अपाङ्ग) | समुदायमा आधारित पुनःस्थापना (सि.बि.आर) सहजकर्ता | कार्यक्रमतर्फ | १(एक) | ४,०० |

**क. परीक्षा किसिमः-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।

**ख. परीक्षा मितिः-** अर्को सूचनाद्धारा तय गरिनेछ ।

**ग. परीक्षा केन्द्रः-** बाह्रदशी गाउँकार्यपालिकाको कार्यालय, चकचकी झापा ।

**घ. दरखास्त दस्तुर बुझाउने विधि र स्थानः** गाउँपालिकाको कार्यालयमा उपस्थित भई वा कुनै पनि बैङ्कमार्फत SuTRA बाट सृर्जित भौचरबाट गाउँपालिकाको देहायको विवरणको आन्तरिक राजस्व खाता वा स्थानीय तह राजश्व पोर्टल मार्फत अनलाईन भुक्तानी गर्न सकिनेछ ।

<u>राजस्व खाताको विवरण</u>

- कार्यालय कोडः ८०११२५०५३००
- राजस्व शिर्षकः १४२२४
- राजस्व शिर्षकको नामः परीक्षा शुल्क
- बैंक खाता नंः ०८३००८७०५००००११३
- खाताको नामः आन्तरिक राजस्व खाता
- खाता रहेको बैंकः माछापुच्छ्रे बैंक

**ङ. दरखास्त दस्तुर बुझाउने अवधिः-** दरखास्त दिन पाउने अन्तिम मिति सम्म । (उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन)

**च. दरखास्त दिने अन्तिम मितिः** मिति २०८२।०९।६ गते कार्यालय समय भित्र ।

**छ. उम्मेद्वारको उमेरको हदः** जनस्वास्थ्य अधिकृतको हकमा दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको र महिलाको हकमा २१ वर्ष पुरा भई ४५ ननाघेको । (सिविआर) सहजकर्ता पदका लागि १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको।

**तलब/पारिश्रमिकः** -प्रचलित नियम बमोजिम हुनेछ ।



राजेन्द्र थपलिया

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

बाह्रदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
कोशी प्रदेश, नेपाल

प.सं. : २०८२/०८३
च.नं. :

नेपाल सम्वत् ११४६

ज. आवश्यक न्यूनतम योग्यता

१. सिविआर सहजकर्ता पदको लागि

क) नेपाली नागरिक

ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको ।

ग) समावेशी (अपाङ्गता) परिचयपत्र प्राप्त गरेको ।

घ) समुदायमा आधारित पुनः स्थापना सहजकर्ता छनोट सम्बन्धी मार्गदर्शन २०८० मा तोकिएका अन्य योग्यताहरु ।

झ. दरखास्त फाराम पाइने स्थानः बाह्रदशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चकचकी झापा वा कार्यालयको वेवसाईट www.bahradashimun.gov.np बाट दरखास्त फाराम डाउनलोड गर्न सकिनेछ ।

ञ. दरखास्त फाराम बुझाउने स्थानः बाह्रदशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चकचकी, झापा वा vacancy.bahradashirm@gmail.com मा बुझाउन सकिनेछ ।

ट. दरखास्त फारामसाथ पेश गर्नु पर्ने कागजातहरु:- आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरु (१) आफूले दरखास्त दिन चाहेको पद विज्ञापन नं. खुलाई दिएको निवेदन, (२) तोकिएको आवेदन फाराममा विवरण भरी फोटो समेत टाँस गरी १ (एक) प्रति, (३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (४) तोकिएको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि, (५) कार्य अनुभव खुल्ने कागजातहरु, (६) सूचनामा माग गरिएका अन्य कागजातहरुको प्रमाणित प्रतिलिपि ।

ठ. विस्तृत जानकारीको लागि:- सम्पर्क नं.९८२४००२६७७

द्रष्टव्य

(क) कार्यालयद्धारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ख) लिखित परीक्षा तथा प्रयोगात्मकमा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक भनी उल्लेख गरिएका कागजातहरुको सक्कल प्रतिका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(ग) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्वन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(घ) पाठ्यक्रम तथा अन्य व्यवस्थाः CBR सहजकर्ताको हकमा 'समुदायमा आधारित पुनः स्थापना सहजकर्ता छनोट सम्बन्धी मार्गदर्शन २०८०'को अनुसूची १ मा तोकिए बमोजिम हुनेछ। यस सम्बन्धी अन्य व्यवस्था छनौट तथा पदपुर्ती समितिको निर्णय बमोजिम हुनेछ ।

२०८२/०५/०२

गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner